
# मानमिन समाचार

अंक १४ सेप्टेम्बर २९, २०१३


# मानव क्षमताद्धारा गर्न असम्भव आश्चर्यकर्महरु र चिन्हहरुको श्रृंखला !

## जि.सि.एन टिभीद्वारा प्रत्यक्ष प्रसारण भएको मानमिन समर रिट्रिटमा २२ वटा देशहरुका मानिसहरुको उपस्थिति
















अन्य ठाउँहरुमा अत्याधिक गर्मी र भारी वर्षा हुँदा, २०१३ मानमिन समर रिट्रिट डा.जेरक ली को साथमा शीतल मौसममा सम्पन्न भएको थियो (फोटो/तस्वीर १) । मौलिक आवाज गुञ्जिएर सेमिनारहरुमा थुप्रै प्रकारका चिन्हहरु, आश्चर्यकर्महरु र शक्तिशाली कार्यहरु प्रकट भए (तस्वीर ४, ६), खेलकूद कार्यक्रम (तस्वीर ५) र क्याम्प फायर आराधना र प्रशंसा (तस्वीरहरु २, ३)

अगस्ट ५ देखि ८ तारिखसम्म जिओनबुक प्रान्तको मुजुमा अवस्थित दियोग्युसान रिसोर्टमा "सम्पूर्ण आत्मा" (हिब्रू १०:२२) विषयक २०१३ सालको मानमिन समर रिट्रिट आयोजना गरियो । सो रिट्रिट जि.सि.एन टि.भीद्वारा प्रत्यक्ष प्रसारण गरिएको थियो (www.gcntv.org) । कार्यक्रममा मासान, बुसान, देजन, ग्वाङ्गजु र चिओनानमा रहेका कोरियन शाखा चर्चहरुका साथै अमेरिका, इस्राएल, केन्या, एस्तोनिया, स्वीट्जरल्याण्ड र भारत जस्ता देशहरु लगायत २२ वटा देशहरुका मानिसहरुको अपस्थिति रहेको थियो ।

पहिलो दिन मानमिन प्रार्थना केन्द्रको अध्यक्ष श्रीमती बुकनिम ली को साथमा आगमन सेवा अर्पण गरिएको थियो । पवित्र आत्माको सहायताद्वारा मात्रै हामी सम्पूर्ण आत्माको हृदय प्राप्त गर्न सक्छौं भनी उहाँले सदस्यहरुलाई बताउनुभयो । पवित्र आत्माको भरपूरीको लागि हामीले आगो जस्तै प्रार्थना गर्नुपर्दछ भनी उहाँले जोड दिनुभयो । त्यसपछि, सहभागीहरुले प्रशंसा र प्रार्थनामा समय बिताउनुभयो ।

सन् २००६ मा सिनियर पास्टर डा. जेरक ली समर रिट्रिटमा सहभागी हुनुभएको सात वर्षपछि यस वर्ष २०१३ मानमिन समर रिट्रिटमा उहाँ पुनःउपस्थित हुनुहुन्थ्यो । त्यो मानव शक्तिद्वारा गर्न असम्भव आश्चर्यकर्महरु र चिन्हहरुको श्रृंखला थियो । पहिलो दिन बेलुकी ७:३० बजे डा. लीले सेमिनार आयोजना गर्नुभएको थियो । सेमिनार शुरु हुँदा, रिट्रिटका सहभागीहरुलाई ठूलो वर्षाले भिजायो तर सदस्यहरुले परमेश्वरको प्रबन्धमा विश्वास गर्नुभयो र चलमल नगरी वचन सुनेर बस्नुभयो । केही बेरपछि, डा.ली ले, "पानी, रोकिजा !" भनी प्रार्थना गर्नुभयो र राम्रो मौसमको लागि परमेश्वरसित अनुरोध गर्नुभयो । त्यसपछि तत्कालै कालो बाक्ला बादलहरु हटेर गए र सफा आकाशमा चम्किला ताराहरु देखा परे ।

डा.ली ले भन्नुभयो, "यो समर रिट्रिट सन् २०१३ जुलाइ महिनामा आयोजित अगुवाहरुको सम्मेलनकै निरन्तरता हो । अब तपाईंहरुले कति मात्रामा सम्पूर्ण आत्माको प्रमाण देखाउनुभएको छ, परमेश्वरको हृदयसित कसरी एक हुनुभएको छ, कति मात्रामा भलाइ प्राप्त गर्नुभएको छ, र कसरी विश्वस्तताका साथ काम गर्नुभएको छ भनी तपाईंहरुको जाँच हुने समय आएको छ ।" उहाँले अझै भन्नुभयो, "तपाईंहरुले गोठालोद्वारा दिइएको अनुग्रहलाई सम्झिनुभएको होस् र गोठालोको शक्तिलाई प्रकट गर्न चाहनुहुने परमेश्वरको प्रबन्धलाई बुझ्नुभएको होस् भन्ने परमेश्वर चाहनुहुन्छ । गोठालोको फल बनेका सदस्यहरुको सुगन्ध ग्रहण गर्न परमेश्वर चाहनुहुन्छ ।" त्यसपछि, सहभागीहरुले पश्चात्ताप गर्नुभयो अनि डा.ली ले बिरामीहरुका लागि प्रार्थना गरिदिनुभयो ।

धेरै मानिसहरुले चंगाईका कार्यहरु अनुभव गर्नुभयो र उहाँहरुमाथि काम गर्नुहुने जीवित परमेश्वरलाई धन्यवाद र महिमा दिनुभयो । केही दृष्टिविहीन मानिसहरु र आँखाको दृष्टि कमजोर भएका मानिसहरुले राम्रोसित देख्न सक्नुभयो, बहिराहरुले सुन्न सक्नुभयो र हिँड्न नसक्ने व्यक्तिहरु व्हीलचेयर र बैशाखी विना नै हिँड्न सक्ने हुनुभयो । उहाँहरुका गवाहीहरु निरन्तर आइरहेका छन् । धेरै मानिसहरुले क्यान्सर, नसाको सङ्क्रमण, ग्रन्थीका रोगहरु र पीड़ाबाट चंगाई पाएको गवाहीहरु दिनुभयो । जि.सि.एन टि.भी को एक जना दर्शक जि.सि.एन टि.भी मार्फत् डा.ली को प्रार्थना ग्रहण गरेर निको हुनुभयो । रिट्रिटमा उपस्थित उहाँका परिवारका सदस्यहरुलाई खबर गरेर उहाँले आफ्नो गवाही दिनुभयो ।

दोस्रो दिन बिहान ९ बजे खेलकूदको कार्यक्रम आयोजना गरिएको थियो । खेलकूदमा पहिलो, दोस्रो, अनि तेस्रो ग्रेट ग्रान्ड प्यारिश र शाखा चर्चहरु गरी जम्मा चार समूहहरु हुनुहुन्थ्यो । खेलहरु शुरु हुन अघि डा.ली ले यसरी प्रार्थना गरिदिनुभएको थियो, "सूर्यलाई बाक्ला बादलहरुले ढाकिदिऊन् र बतास जोड़सित चलेको होस् । बतास जोड़सित चलिजा ! ज्योति आएको होस् ।" त्यसपछि, परमेश्वरले अनुकूल मौसम दिनुभयो ।

पूर्ण जोशका साथमा खेलकूदको कार्यक्रम डोरी तान्ने खेलबाट शुरु भयो, त्यसपछि ठूला-ठूला बेलूनहरु गुडाउने खेल, १०० मिटर दौड़, भलिबल, अड़चनपार दौड़, लामो दूरीको दौड़, फुटबल, कोरियन कुश्ती, पञ्जा लड़ाउने खेल, रिले रेसजस्ता खेलहरु समावेश गरिएका थिए । उत्साहपूर्ण हर्षध्वनिका साथ रिट्रिटको च्याम्पियनशिपको पुरस्कार शाखा चर्चहरुको समूहलाई प्रदान गरिएको थियो । हर्षध्वनि प्रतिस्पर्धाको पुरस्कार पहिलो ग्रेट ग्रान्ड प्यारिशलाई मिलेको थियो । उत्कृष्ट सहभागीको पुरस्कार गुमी मानमिन चर्चको भाइ जुन ओ र दोस्रो ग्रेट ग्रान्ड प्यारिशकी डिकनिस सो याङ्ग चा ले प्राप्त गर्नु भएको थियो ।

तेस्रो दिन बेलुकी ८ बजे जम्पिङ्ग पार्कमा विशेष मञ्च तयार गरी क्याम्प फायर आराधना र प्रशंसाको कार्यक्रम आयोजना गरिएको थियो । चर्चका सबै सदस्यहरुले एकै हृदयका साथ परमेश्वरलाई खुशी तुल्याउने प्रशंसाको सुगन्ध अर्पण गर्नुभयो । स्वर्गीय भोजमा सहभागी भएझैं गरी उहाँहरु खुशी र आनन्दका साथ परमेश्वरको प्रेमको उत्सवमा हर्षित हुनुहुन्थ्यो ।

यसबाहेक, प्रत्येक मिशनका आ-आफ्नै कार्यक्रमहरु थिए । अन्य देशहरुबाट आउनु भएका पास्टर, सेवकसेविकाहरु र सदस्यहरुचाहिँ श्रीमती बुकनिम ली, पास्टर हिजन ली, हिसन ली र सुजुङ्ग क्रिस्टल किमका साथ विशेष सेमिनारहरुमा सहभागी हुनुभएको थियो । यी सबैभन्दा बढ़ी, त्यस कार्यक्रममा मौलिक आवाज गुञ्जिएको थियो र सबै प्रकारका चिन्ह, आश्चर्यकर्महरु र विस्फोटमय शक्तिशाली कार्यहरु प्रकट भएका थिए जसले गर्दा सदस्यहरु विश्वासमा बृद्धि हुनुभएर विश्वासको चट्टानमा खड़ा हुने, आत्मा अनि सम्पूर्ण आत्माको तहमा प्रवेश गर्ने विश्वास प्राप्त गर्नुभयो ।

अंक १४ सेप्टेम्बर २९, २०१३ मानमिन समाचार

## क्रूसको सन्देश श्रृंखला – (१४)

# क्रूसीकरण(१)

## – येशूका वस्त्रहरुमा रहेको परमेश्वरको प्रबन्ध –



डा. जेरक ली

> "जब सिपाहीहरुले येशूलाई क्रूसमा टाँगे,
> तब तिनीहरुले उहाँका वस्त्र लिएर प्रत्येक
> सिपाहीलाई एक–एक भाग हुने गरी चार भाग गरे।
> उहाँको बाहिरी वस्त्र पनि लिए, तर त्यो वस्त्रचाहिँ
> सिउनी नभएको माथिदेखि तलसम्मै बुनेको सग्लो
> थियो। यसकारण तिनीहरुले आपसमा भने,
> 'योचाहिँ नच्यातौं, तर यो कसको हुने हो भनी चिट्ठा
> हालौं।' धर्मशास्त्र पूरा होस् भनेर नै यो भएको थियो,
> 'तिनीहरुले मेरो वस्त्र आफू-आफूमा बाँडे,
> र बाहिरी वस्त्रमा चाहिँ चिट्ठा हाले।'"
> (यूहन्ना १९:२३-२४)

सबै पापी मानव जातिलाई बचाउनको लागि, येशू यस संसारमा आउनुभयो, कठोर सतावटहरु सहनुभयो, क्रूसमा टाँगिनुभयो, पुनरुत्थान हुनुभयो र स्वर्गमा चढ़िजानुभयो । त्यसकारण, हाम्रो मुक्तिदाता बन्नुभएको येशूलाई विश्वास गर्ने जो कोहीले पनि परमेश्वरको सन्तान हुने अधिकार प्राप्त गर्न हुनेछ । थपअझै, येशूले दु:ख र त्यसमा रहेको परमेश्वरको प्रबन्ध बुझ्ने प्रत्येक विश्वासीले परमेश्वरको प्रेमको गहिराइलाई बुझ्न र ख्रीष्टमा आफ्नो विश्वासी जीवन जिउनलाई परिश्रम गर्न सक्नुहुनेछ ।

किन येशूलाई सबैको अघि नाङ्गो पारी अपमान गरियो र येशूका बाहिरी वस्त्रहरु र भित्री वस्त्र (अलखा)मा परमेश्वरको कस्तो प्रबन्ध रहेको छ ?

### १. पापीहरुलाई तिनीहरुको लाजबाट छुटकारा दिनको लागि येशूले नाङ्गो पारिने अपमानको लाज सहनुभयो

आफू टाँगिने क्रूसलाई येशूले गलगथाको बाटोभरि आफ्नो पीँठमा बोकेर लानुभयो । प्राणदण्ड दिइने ठाउँमा उहाँ पुग्नुभएपछि, सिपाहीहरुले येशूको बाहिरी वस्त्रहरु र भित्री वस्त्र (अलखा) फुकालिदिए र उहाँलाई पूर्ण रुपले नाङ्गो पारी क्रूसमा टाँगियो । सर्वशक्तिमान् परमेश्वरको एक मात्र पुत्र येशूले तुच्छ प्राणीहरुको सामु नाङ्गो हुने अपमान सहनुपर्‍यो ।

येशूले किन त्यस्तो अपमान सहनुपर्‍यो त ? हामीले सहनुपर्ने लाज र अपमान उहाँले हाम्रो खातिर सहनुभयो । केवल पापीहरुका भागमा मात्रै पर्न पर्ने तिरस्कार र अपमान पापरहित येशूले सहनुभयो ।

पाप सबैभन्दा बढी फोहोर र अपमानजनक कुरो हो । आज धेरै मानिसहरु पापमै जिइरहेका कारण तिनीहरु पापप्रति चेतनाशून्य भएका छन् । तर जसरी ज्योतिले सबै अन्धकारका कुराहरुलाई प्रकट गरिदिन्छ, त्यसरी नै परमेश्वर, जो स्वयम् ज्योति हुनुहुन्छ, उहाँको वचन हाम्रो हृदयमा चम्किँदा हामीभित्रका सबै लज्जासपद पापहरु प्रकट हुन्छन् । यस संसारको फोहोरमा डुबेर पापमा जीवन जिइरहेका मानिसहरु परमेश्वरको न्याय अघि उभिँदा तिनीहरुले आफ्नो शिर ठाडो पार्ने साहस गर्न सक्दैनन् किनकि तिनीहरुको घृणित हृदय र कार्यहरु स्पष्ट रुपमा प्रकट भएका हुन्छन् ।

तरैपनि, येशूले हामीलाई हाम्रा पापहरुबाट उद्धार गर्नभयो र हाम्रो निम्ति अपमान र तिरस्कार सहनुभयो र जसले यो कुरामा विश्वास गर्दछ, त्यो व्यक्ति एक पापीले सहनु पर्ने लाजबाट मुक्त हुन सक्छ । त्यसकारण, हामी हरेक हाम्रो प्रभुको प्रेमको निम्ति सारा हृदयले कृतज्ञ हुनुपर्दछ र चाँडै सिद्ध पवित्रीकरणलाई पूरा गरेर कुनै दागविना उहाँलाई अँगाल्न तयार रहनुपर्दछ ।

### २. येशूको बाहिरी वस्त्रहरु च्यातेर बाँड्नु र उहाँको अलखामा गोला हाल्नुमा रहेको परमेश्वरको प्रबन्ध

येशूका बाहिरी वस्त्र र अलखा फुकालिदिएपछि, सिपाहीहरुले उहाँका बाहिरी वस्त्रहरुलाई चार भागमा च्याते । तिनीहरुले येशूको अलखालाई च्यातेनन् किनकि त्यो "सिउनी नभएको माथिदेखि तलसम्मै बुनेको" थियो, तिनीहरुले त्यसको निम्ति गोला हाले र त्यो एक जना सिपाहीको भागमा पर्‍यो (यूहन्ना १९:२३-२४) । यसरी यसो भन्ने अगमवाणीको वचन पूरा भयो, "तिनीहरु मेरा वस्त्रहरु आपसमा बाँड्छन्, र मेरो पोशाकको निम्ति तिनीहरुले चिट्ठा हाल्छन्" (भजनसंग्रह २२:१८) ।

हामीले बाइबलमा येशूका वस्त्रहरुको बारेमा विस्तृत विवरण पाउनुको कारण चाहिँ यो हो कि उहाँका वस्त्रहरुले इस्राएलको इतिहासलाई जनाउँदछन् । सर्वप्रथम, परमेश्वरको पुत्र र इस्राएलका राजा-येशूका बाहिरी वस्त्रहरुले आत्मिक रुपमा इस्राएल राष्ट्र र इस्राएलीहरुलाई जनाउँदछन् । उहाँका बाहिरी वस्त्रहरु चार भागमा विभाजित हुँदा त्यो वस्त्रको आकार बिग्रियो र केवल कपडाका टुक्राटाक्रीहरु मात्र बाँकी रहे । सार्वभौमसत्तासम्पन्न राष्ट्रको रुपमा आफ्नो अस्तित्व गुमाएर इस्राएल कसरी नष्ट हुनेछ, येशूका बाहिरी वस्त्रहरुबाट केवल कपडाका टुक्राहरु मात्रै बाँकी रहे झैं "इस्राएलका मानिसहरु" को अवस्था हुनेछ भन्ने कुराको यो सङ्केत थियो ।

रोमी सिपाहीहरुले येशूका बाहिरी वस्त्रहरुलाई बाँड्नुले इस्राएल राष्ट्र कसरी रोमीहरुद्वारा नष्ट हुनेछ भन्ने बुझाउँदछ र ती वस्त्रहरु चार भागमा च्यातिनुले कसरी इस्राएलका मानिसहरु-उत्तर, दक्षिण, पूर्व र पश्चिम गरी चारै दिशामा छरिनु पर्नेछ भन्ने बुझाउँदछ । येशूले यरुशलेम शहरको बारेमा गर्नभएको भविष्यवाणी लूका १९:४३-४४ मा यसरी उल्लेख गरिएको छ: "किनकि तँमाथि यस्ता दिन आउनेछन्, जब तेरा शत्रुहरुले तेरो वरिपरि मोर्चा बाँधेर घेरा हाल्नेछन्, र सबैतिरबाट तँलाई थुनिराख्नेछन् । तिनीहरुले तँलाई र तँभित्र वास गर्ने तेरा सन्तानलाई जमीनमा पछार्नेछन्, र एउटा ढुङ्गामाथि अर्को ढुङ्गा पनि छोडिनेछैन । किनकि तैंले आफूमाथि भएको परमेश्वरको कृपा-दृष्टिको समयलाई चिन्न सकिनस् ।"

भविष्यवाणीमा भनिए झैं, ईसापूर्व ७० मा रोमी सेनापति टाइटसद्वारा यरुशलेम शहर पूर्ण रुपले नष्ट भयो । येशूले "एउटा ढुङ्गामाथि अर्को ढुङ्गा पनि छोडिनेछैन" भन्नुभएझैं यरुशलेम पूरै ध्वस्त भयो । शहर घेराबन्दीमा परेको समयमा, दश लाखभन्दा बढ़ी यहूदीहरुको हत्या गरियो र त्यो घेराबन्दी र जनसंहारबाट उम्केकाहरु सबै दिशामा छरिएर गए र तत्पश्चात् तिनीहरुले अन्यजातिहरुबाट सबै किसिमका सतावटहरु भोग्नुपर्‍यो ।

यहूदीहरुमाथि आइपरेको सबैभन्दा नृशंस घटनाचाहिँ दोस्रो विश्वयुद्धको समयमा नाजी शासनको बेला गरिएको जनसंहार थियो । ६० लाखभन्दा बढ़ी मानिसहरुलाई यहूदी भएकै कारण नाङ्गो पारी हत्या गरियो । यस संसारमा आफ्नो राजाको रुपमा आउनुभएको येशूलाई आफ्ना पुर्खाहरुले मारेको कारण आइपरेको श्रापस्वरुप त्यति ठूलो संख्यामा मानिसहरु मारिए ।

यहूदीहरुले येशूलाई प्राणदण्ड दिने माग गर्दा, त्यो समयको रोमी प्रान्त शासक, पन्तियस पिलातसलाई येशू निर्दोष हुनुहुन्छ भनी थाहा थियो र त्यसैले उहाँलाई प्राणदण्डबाट उनी जोगाउन चाहन्थे । तर यहूदीहरुले जिद्दी गरेर येशूको मृत्युको माग राख्दा पन्तियस पिलातसले तिनीहरुलाई यसो भने, "तिमीहरु आफै जान, म यस मानिसको रगतदेखि निर्दोष छु" (मत्ती २७:२४) । यो सुनेर यहूदीहरुले यसरी उत्तर दिए, "उसको रगत हामीहरु र हामीहरुका सन्तानमाथि परोस्" (मत्ती २७:२५) । यसरी तिनीहरुले येशूलाई प्राणदण्डसम्म पुर्‍याएर आफ्नो मागको प्रतिफल भोगे र सोही मागको नतीजास्वरुप तिनीहरु क्रूर इतिहासबाट गुज्रनुपर्‍यो । रोमी सिपाहीहरुले येशूका बाहिरी वस्त्रहरु चार भागमा विभाजन गरेर यी सबै कुराको सङ्केत भएको थियो ।

अर्को येशूको अलखा "सिउनी नभएको" थियो - जसको अर्थ हो त्यो वस्त्र टुक्राहरुलाई जोडेर सिलाइएको थिएन - तर, "माथिदेखि तलसम्मै सग्लो गरी बुनिएको" थियो । यहाँ, "अलखा" ले मानिसको हृदयलाई जनाउँदछ । इस्राएलको राजा येशूको अलखाले इस्राएलका सन्ततिहरुको हृदय र परमेश्वरप्रतिको तिनीहरुको विश्वासलाई जनाउँदछ ।

परमेश्वरद्वारा चुनिएको जाति इस्राएलीहरुको संस्थापक याकूब हुनुहुन्छ । परमेश्वर स्वयम्ले याकूबको नाम "इस्राएल" मा परिवर्तन गरिदिनुभयो र याकूबका बाऱ्ह छोराहरुबाट इस्राएलका बाऱ्ह कुलहरु स्थापित गरिदिनुभयो । लामो समयसम्म, इस्राएलीहरु समजातीय मानिसहरुका रुपमा रहे र अरु देशका पुरुष र महिलाहरुसित विवाहबारी गरेनन् अनि तिनीहरुले एकमात्र परमेश्वरको सेवा गरे ।

पछि, सोलोमनको छोरा रहबामको शासनकालमा इस्राएलमा गृहयुद्ध भएर देश उत्तरी इस्राएल र दक्षिणी यहूदा गरी दुई भागमा विभाजीत भयो । उत्तरी इस्राएलका मानिसहरुले चाँडै नै अरु देश र जातिहरुका मानिसहरुसित विवाहबारी गरी समजातीय राष्ट्रको अस्तित्व गुमाए । गैर-इस्राएलीहरुसित विवाह नगरी केवल दक्षिणी यहूदाका मानिसहरु मात्रै समजातीय समुदायको रुपमा रहेर इस्राएलका साँचो सन्तानहरु बने । यसकारण आजसम्म पनि "यहूदाका मानिसहरु" वा यहूदीहरुलाई नै इस्राएलका सन्तानहरु मानिन्छ ।

येशूको अलखा "माथिदेखि तलसम्मै सग्लो गरी बुनिएको" झैं, यहूदीहरु आफ्नो पुर्खा याकूबदेखि नै लामो समय अघिदेखि समजातीय मानिसहरुका रुपमा रही आएका थिए । त्यसकारण, रोमी सिपाहीहरुले येशूको अलखालाई च्यातेनन् र आत्मिक रुपमा यसले यो कुरा जनाउँदछ कि आफ्ना परमेश्वरप्रति यहूदी जातिको हृदय नता विभाजित हुन सक्छ न कुनै मानिसद्वारा नष्ट नै हुन सक्छ ।

रोमले इस्राएली मानिसहरुको विश्वासलाई मेटाउन सकेन । यरुशलेमको विनाश र दुई हजार वर्षसम्म पृथ्वीका सबै कुनाहरुमा कष्ट र दु:ख भोगेपछि पनि, यहूदीहरुले आफ्नो अस्तित्वलाई गुमाएनन् वा त्यागेनन् र अन्त्यमा सन् १९४८, मे १४ तारिखका दिन, तिनीहरु आफ्ना पुर्खाहरुको भूमिमा फर्किए र एक स्वतन्त्र सार्वभौमसत्तासम्पन्न राष्ट्र स्थापना गरे ।

यसरी इजकिएल ३८:८-१२ मा भनिएको भविष्यवाणी पूरा भयो । धर्मशास्त्रले हामीलाई भन्दछ, "भविष्यमा युद्धबाट ध्वंस भएर पुनर्निर्मित भएको देशलाई तिमीहरुले आक्रमण गर्नेछौ ।" आफ्नो जातीय अस्तित्वलाई जोगाएर आफ्नो विश्वासलाई सुरक्षित राखी विनाशको दुई हजार वर्षपछि पनि फेरि आफ्नो राष्ट्रको पुनर्निर्माण पृथ्वीको अरु कुन जातिले गर्न सकेको छ र ? इस्राएलका मानिसहरुले आफ्नो पुर्खा याकूबबाट उत्तराधिकारमा पाएको हृदय र विश्वास एकदमै दृढ़ थियो र येशूको अलखा सुरक्षित रहनु यस्तो इतिहासको भविष्यवाणी थियो ।

ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरु, यरुशलेमको पतनदेखि लिएर यहूदीहरुको कष्ट र इस्राएलको विनाश अनि पुनर्निर्माण लगायत अहिले सम्म बाइबलमा उल्लेख भएका सबै कुराहरु पूरा भएका छन् । हुन बाँकी घटनाहरु ती कुराहरु हुन् जुन आउने दिनहरुमा हुनेछन्, तीमध्ये एकचाहिँ हामीलाई स्वर्गमा लानको लागि निकट भविष्यमा हुने हाम्रो प्रभुको आगमन हो ।

तपाईंहरु हरेक प्रत्येक पल जागा रहेर प्रभुको दुलहीको रुपमा आफ्नो तयारीलाई पूरा गरी त्यो दिन उहाँलाई खुशीसाथ अँगाल्न सक्नुभएको होस् भनी म हाम्रो प्रभु येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्दछु !

# जीवनको ज्ञान
# आत्मबोधको लागि जाँच-सूची




भट्ट हेर्दा गिलास क र ख दुवैमा सफा पानी दखिन्छ तर गलास क को पिँधमा केही बालुवा र स-साना पत्थरहरु छन् (देब्रे तस्वीर हेर्नुहोस्) । दुईवटै गिलासमा भएको पानीलाई चम्चाले चलाउँदा, गिलास क को पानी फोहोर बन्दछ र गिलास ख को पानी सफा र शुद्ध नै रहिरहन्छ (दाहिने तस्वीर हेर्नुहोस्) । यसले हामीलाई यो कुरा बोध गराउँछ कि हामीले आफ्ना हृदयबाट सबै प्रकारका दुष्टताहरुलाई त्यागेपछि मात्रै हामी जुनसुकै परिस्थितिमा सफा, शुद्ध र असल बन्न सक्छौं ।

"यसकारण जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै सिद्ध हुनुपर्दछ ।" (मत्ती ५:४८)
"तर तिमीहरुलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरु आफै पनि जीवनका सबै रहनसहनमा पवित्र हाओ, किनभने यो लेखिएको छ,'तिमीहरु पवित्र होओ, किनभने म पवित्र छु' ।" (१ पत्रुस १:१५-१६)
हाम्रो स्वर्गीय पिता परमेश्वर उहाँका प्रिय सन्तानहरु सिद्ध र पवित्र होऊन् भन्ने चाहनुहुन्छ । उसोभए, बुद्धिमानी विश्वासीहरुको रुपमा हामीले के गर्नुपर्दछ त ? परमेश्वरको वचनमा आधारित भएर आफूलाई पत्ता लगाउन, पत्ता लागेका पापहरुका विरुद्धमा रगत बग्ने बिन्दुसम्म लड्न्त गर्न हामीले कडा परिश्रम गर्नुपर्दछ, र हामीले हरेक प्रकारका दुष्टताहरुलाई त्याग्नुपर्दछ । अब, आत्मबोधको लागि जाँच-सूचीद्वारा हामी आफूलाई जाँचेर हेरौं ।

**१** के तपाईं शान्तिमा रहेर अरुको इच्छासित सहमत बन्नुहुन्छ ?

रीसले पङ्किएतापनि कतिपय मानिसहरुले आफू आक्रोषित हुनु ठीकै थियो भनी सफाइ दिँदछन् वा बहाना बनाउँदछन् । कतिपय मानिसहरु वैमनस्यताको भावनाले गर्दा रुखो वा खिन्न भएर बोल्दछन् । यदि हामीमा कुनै क्रोध नहुने हो भने के हुनेछ ? त्यस्तो अवस्थामा हामी कसरी बोल्छौं र कस्ता कार्यहरु गर्छौं ? परमेश्वरले घृणा गर्नुहुने कुनैपनि कुरा हामी बोल्नेछैनौं वा गर्नेछैनौं । हामी अरुका इच्छा बुझ्न र अरुसित सहमत हुन प्रयास गर्नेछौं । यदि अरु मानिसका कुराहरु असत्यतातर्फका होइनन् भने ती कुराहरु हाम्रो विचारसित सहमत नभएतापनि वा तिनले हामीलाई बेफाइदा पुऱ्याएतापनि हामी ती मानिसहरुसित मिलेर शान्तिमा रहन सक्छौं ।

**२** के तपाईं सबै मानिसहरुसित शान्तिमा रहनुहुन्छ र विश्वस्तताका साथ अपरिवर्तनीय तवरले काम गर्नुहुन्छ ?

यदि तपाईं आफ्ना सहकर्मीहरुसित असजिलो महसुस गर्नुहुन्छ र उहाँहरुका कमजोरीहरु तपाईं सजिलैसित देख्न सक्नुहुन्छ भने तपाईंमा असहज भावनाहरु छन् । तर सबै प्रकारका असहज भावनाहरुलाई त्यागेपछि तपाईं सबै जनासित शान्तिमा रहन सक्नुहुन्छ र तपाईंले अरुका राम्रा पक्षहरु देख्न थाल्नुहुनेछ । त्यस्तै, आफूभित्रका असहज भावनाहरुलाइ हटाएपछि तपाईं आनन्दित र खुशी हुन सक्नुहुनेछ र आफ्ना योगदानहरुका निम्ति मान्यता नपाएतापनि विश्वस्तताका साथ अपरिवर्तनीय तवरले काम गर्न सक्नुहुनेछ ।

**३** के तपाईं अरुको प्रशंसा हुँदा आनन्दित बन्न सक्नुहुन्छ र अरुको प्रशंसा गर्न सक्नुहुन्छ ?

यदि तपाईं अरुलाई प्रेम गर्नुहुन्न भने यसको मतलब घृणा अझै पनि तपाई भित्र छ । जतिले घृणा त्याग्नुभएको छ, ती मानिसहरुमा त्यो कुराको प्रमाण प्रेमको रुपमा प्रकट हुनेछ । त्यसैले आफूले प्रेम गरेका मानिसहरुको प्रशंसा हुँदा उहाँहरु कुनै डाह र ईर्ष्या विना नै आनन्दित हुन सक्नुहुन्छ । डाह घृणाबाट आउँछ । त्यसकारण हामी भित्र घृणा छ वा छैन र त्यो पूर्ण रुपले हटेको छ कि छैन भन्ने कुरा थाहा पाउनका लागि अरु मानिसहरुले प्रशंसा र मान्यता पाउँदा हामी पनि संगसँगै खुशी हुन र प्रशंसा गर्न सक्छौं कि सक्दैनौं भनी जाँचेर हेर्नुपर्दछ ।

**४** के तपाईं सँधै इमान्दारीताका साथ बोल्नुहुन्छ ?

यदि तपाईं इमान्दार हुनबाट चुक्नुभयो भने, झूट बोल्ने कुनै अभिप्राय नभएतापनि तपाईंमा अझै पनि झूट बोल्ने हृदय छ भन्ने यसले देखाउँदछ । मानौं तपाईंले कसैलाई एक हप्ता अघि यसो भन्नुभयो, "परमेश्वरको वचन पढ्दा मलाई अति नै आनन्द लाग्छ र म परिश्रमपूर्वक वचनद्वारा आफूलाई सुसज्जित पार्नेछु ।" तर तपाईंले त्यो गरिरहनुभएको छैन । यस्तो अवस्थामा, तपाईंले त्यो व्यक्तिलाई सत्य कुरा भन्नुपर्दछ । त्यसकारण, यस्तो टिप्पणी गरिसकेपछि हामीले आफूलाई जाँचेर हेरी होशियार रहनुपर्दछ ।

**५** के तपाईं अरुको राम्रो पक्षहरुलाई हेर्नु हुन्छ ?

कसैको न्याय गर्दा साथमा निन्दा गर्ने, लाञ्छना लगाउने, लेखाजोखा गर्ने र तुलना गर्ने अनि दोष लगाउने काम पनि हुँदछ । हामीमा अरुको न्याय गर्ने इच्छा छ कि छैन भनी हेर्नका लागि, हामी कति मात्रामा अरुको राम्रा पक्षहरुलाई हेर्न र प्रशंसा गर्न प्रयास गर्छौं भनी हामी विचार गर्न सक्छौं । अवश्य पनि, तपाईंहरुमध्ये कतिपयले अरुका कमजोरीहरुका बारेमा सोचेर बस्नुहुन्न र अरुको बारेमा नराम्रो कुरा पनि गर्नुहुन्न । तर पनि यदि तपाई सजिलैसित अरुको कमजोरी देख्नुहुन्छ भने यसको मतलब अझै पनि अरुको न्याय गर्ने स्वभाव तपाईंमा बाँकी छ । अरुको राम्रो पक्षहरुलाई हेर्ने र अरुको प्रशंसा गर्ने मानिसहरुले न्याय गर्ने वा दोष लगाउने कार्य गर्न सक्दैनन् ।

**६** के तपाईं आफ्ना स-साना वाचा र प्रतिज्ञाहरु पनि पूरा गर्नुहुन्छ ?

परिवर्तनीय हृदय भएकाहरुले अरुसित र आफैसित पनि गरेका प्रतिज्ञाहरु तोड्दछन् र सजिलैसित आफ्ना योजनाहरु परिवर्तन गर्दछन् । कतिपय मानिसहरुले त परमेश्वरसित गरेको प्रतिज्ञामा समेत बारम्बार हेरफेर गर्दछन् । हामीले सानादेखि लिएर अत्यन्तै महत्वपूर्ण प्रतिज्ञाहरु र सबै किसिमका वाचाहरु पूरा गर्न प्रयत्न गर्दा यस्तो परिवर्तनीय हृदयलाई त्याग्न सक्छौं । थपअझै, हामीले परमेश्वरको सामु कुनै कुरा राम्ररी सोचविचार नगरी प्रतिज्ञा वा निर्णय गर्नु हुँदैन । यदि हामी परमेश्वरसित मात्रै नभएर मानिससित पनि कुनै प्रतिज्ञा वा वाचा गर्नुअघि राम्ररी सोचेरविचार गर्छौं र एकपटक प्रतिज्ञा गरेपछि कुनै हानि वा नोक्सानी बेहोर्नुपरेतापनि आफ्नो प्रतिज्ञालाई पूरा गर्छौं भने यस्तो स्वभावलाई हामी त्याग्न सक्छौं ।

**७** तपाईं कति मात्रामा आफ्नो हृदय र सोचाइहरु प्रभुको प्रेमले भर्नुहुन्छ ?

मत्ती ५:२७-२८ मा प्रभुले भन्नुभएको छ कि यदि कसैले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ भने त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ । हामीले आफ्नो हृदय र सोचाइ दुवैबाट व्यभिचारलाई उखेलेर फाल्नुपर्दछ । यदि तपाईं अझै पनि विपरीत लिङ्गीका मानिसहरुलाई सुन्दर वा आकर्षक मानेर हेर्नुहुन्छ, यदि तपाईं सुन्दर जोडीहरुलाई देखेर ईर्ष्या गर्नुहुन्छ र यदि तपाईं आफूलाई एक्लो महसुस गर्नुहुन्छ भने तपाईं आफूभित्र व्यभिचार छ कि छैन भनी जाँच गर्नुपर्दछ । तपाईंले आफ्नो हृदय प्रभुको प्रेमले भर्नुपर्दछ ।

**८** तपाईं कति मात्रामा सन्तोषी हुनुहुन्छ र अरुलाई खुशीसाथ दिनुहुन्छ ?

अभिलाषाले पापलाई जन्माउँछ । अभिलाषा र लोभ नहुने हो भने हामीलाई अरुप्रति डाह महसुस हुँदैन र पापहरु 'उत्पन्न' हुँदैनन् । किनभने अघिबाटै हामीमा अरु बढ़ी पाउने चाहना हुँदैन । यदि तपाईंमा लोभ छैन भने तपाईं जुनसुकै परिस्थितिहरुमा पनि सन्तुष्ट बन्न सक्नुहुन्छ र तपाईंले अरुलाई खुशीसाथ दिनुहुनेछ । तपाईं परमेश्वरसित माग्नुभएका कुराहरु प्राप्त गरी नसकेको भएतापनि तपाईं आनन्दित र धन्यवादी हुन सक्नुहुन्छ ।

**९** के तपाईं आफूले प्राप्त गरेको अनुग्रहलाई नबिर्सीकन त्यो अनुग्रहको ऋण तिर्नुहुन्छ ?

यदि तपाईं आफ्नो फाइदाको निम्ति आफ्नो हृदय र कामहरुलाई परिवर्तन गरिरहनुहुन्छ भने त्यो धूर्त्याईं हो र यसले तपाईंमा अझै पनि धोका दिने हृदय छ भन्ने देखाउँछ । परमेश्वरले हामीलाई दिनुभएको अनुग्रह नबिर्सीकन निरन्तर त्यो अनुग्रहको ऋण तिर्नका लागि हामीले के गर्नु पर्दछ त ? हामीमा कतै आफ्नै फाइदा खोज्ने चाहना वा घमण्ड छ कि भनी हामीले जाँचेर हेर्नुपर्दछ । हामीलाई गुण लाउने वा अनुग्रह दिने मानिसहरुलाई हामीले सँधै सम्झने प्रयास गर्नुपर्दछ ।

# “पाकिस्तानमा खुशीको परिपूर्णता !” येशू ख्रीष्टको शक्तिद्वारा

प्रस्थानको पुस्तक १५ अध्यायको २५ पदमा मोशाको पार्थनाको शक्तिद्वारा माराको तीतो पानी पिउन योग्य मीठो पानीमा परिवर्तन भएको घटना उल्लेख छ। सन् २००० मार्च महिनामा सिनियर पास्टर डा.जेरक लीको हार्दिक पार्थनाद्वारा जिओन्नाम प्रान्त, मुआन गुनमा अवस्थित मुआन मानमिन चर्चको सामु रहेको इनारमा भएको समुद्रको नुनिलो पानी पिउनयोग्य मीठो पानीमा पविर्तन भएको थियो ।

मुआन मीठो पानीमा सृष्टिकर्ता परमेश्वरको शक्ति छ। विश्वाससाथ यो पानी पिउने वा पयोग गर्ने व्यक्तिहरुले चङ्गाई र उत्तरहरु पाप्तगर्ने जस्ता उदेकका कार्यहरु अनुभव गर्नुहुनेछ। यो मुआन मीठो पानीद्वारा कोरिया भित्र र बाहिरका धेरै विश्वासीहरुले परमेश्वरलाई भेट्नुभएको छ, येशू ख्रीष्टलाई ग्रहण गर्नुभएको छ र आफ्नो हृदयका इच्छाहरुको उत्तर पाउनु भएको छ। यो विशेष लेखमा इस्लामिक गणतन्त्र पाकिस्तानमा घटेका केही घटनाहरु प्रस्तुत गरिएका छन्। परमेश्वरलाई महिमा होस्।

## “मैले गर्भधारण गर्ने आशिष पाएँ !”

बहिनी मुश्करत आसिफ (न्यू एपोस्टोलिक चर्च)

मैले गर्भधारण गर्न नसकेको १० वर्ष भएको थियो। सन्तान जन्माउन म र मरो श्रीमान्ले सक्दो उपायहरु अपनाउने प्रयास गर्‍यौं तर पनि हामी असफल भइरहेका थियौं। सन् २०१२, मार्च १४ को दिन म मेरो छिमेकी बहिनी एस्तर नुरीनलाई भेट्न गएँ। उहाँले मलाई मुआन मीठो पानीको बारेमा बताउनुभयो र परमेश्वरको शक्ति भएको पानी पिएको खण्डमा मैले सन्तान प्राप्त गर्नेछु भन्ने विश्वास ममा आयो। मुआन मीठो पानी पिएर मैले हार्दिकताका साथ प्रार्थना गरेँ।

एक दिन, मलाई एकदमै टाउको दुख्यो र मेरी आमाको साथमा म अस्पताल गएँ। अस्पतालको जाँचको रिपोर्टमा मैले गर्भधारण गरेको देखियो। हल्लेयूयाह ! हामी आश्चर्यचकित अनि आनन्दविभोर भयौं। अन्ततः सन्, २०१३, फेब्रुअरी १४ तारिखको दिन मैले एक स्वस्थ्य बालकलाई जन्म दिएँ। मुआन मीठो पानीमा भएको परमेश्वरको शक्तिशाली कार्य साँच्चै प्रभावशाली छ। म मेरो प्रेमिलो प्रभुलाई धन्यवाद दिन्छु जसले मलाई उत्तर र आशिषहरुको मार्गमा डोऱ्याउनुभएको छ।



## “मृत प्रसवको जोखिममा मैले सामान्य तवरले बच्चा जन्माउन सकें”

बहिनी रफिया लियाकत (सी.सी.सी आइ चच)



सन् २०१२, अप्रिल महिनामा म गर्भावस्थाको चौथो महिनामा थिएँ। पाठेघरको झिल्ली फाटी भित्रबाट पानी निस्कियो। मेरो चिकित्सकले गर्भ तुहाउने सल्लाह दिनुभयो तर परमेश्वरले मलाई सुरक्षा दिनुहुन्छ भनी मैले विश्वास गरें र पास्टर सइका असरफलाई मेरो निम्ति प्रार्थना गरिदिन अनुरोध गरें। उहाँले प्रार्थना गरिदिनुभयो र मलाई मुआन मीठो मानी दिनुभयो। त्यो पानीमा परमेश्वरको शक्ति छ र त्यसलाई विश्वासका साथ पिउनुपर्छ भनी उहाँले भन्नुभयो। धेरै मानिसहरु मुआन मीठो पानीद्वारा विभिन्न रोगहरुबाट निको भएका गवाहीहरु मैले सुनें, त्यसैले मैले विश्वासका साथ त्यो पानी पिएँ।

त्यसपछि मलाई कुनै कठिनाइ महसुस भएन तर गर्भावस्थाको सातौं महिनामा मलाई अचानक तीव्र पीडा हुन थाल्यो। मेरो चिकित्सकले फेरि मलाई भन्नुभयो कि भित्र पानी नभएको कारण दुई घण्टाभित्रमा बच्चा नजन्माएमा बच्चाको मृत्यु हुनेछ। तर, मैले मुआन मीठो पानी पिएँ र प्राकृतिक तवरले नै एक सुन्दर छोरीको जनम भयो। सात महिनामा जन्मिएकी मेरी छोरी स्वस्थ्य छिन् किनकि मैले उनलाई प्रत्येक दिन केही थोपा मुआन मीठो पानी खुवाउने र लगाइदिने गरेकी छु। हामीले सन् २०१३, जुलाई महिनामा उनको पहिलो जन्मदिन मनायौं। म सबै धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु।

## “मलेरिया निको भयो”

पास्टर जोन मातो (जोन वेस्ली ब्याप्टिस्ट चर्च)

एकदिन, कराचीबाट एक महिला, सबाह मकहाँ टाटामा आइन् र मलाई प्रार्थना गरिदिनका लागि निकै अनुरोध गरिन्। उनको एक वर्षीया छोरा सात महिनादेखि मलेरियाबाट पीडित भएको र चर्को ज्वरो बारम्बार आउने गरेको कुरा उनले बताइन्।



अन्तमा, सन् २०१३ फेब्रुअरी १५ ताखिको दिन उनको छोराको लागि प्रार्थना गरिदिन म कराची गएँ। मैले त्यो बालकलाई मुआन मीठो पानी पिउन दिएँ, उनको लागि प्रार्थना गरिदिएँ र आफ्नो घर फर्किएँ। केही समयपछि, सबाहको फोन आयो। उनले फोनमा भनिन्, “उसको ज्वरो घटेको छ र प्रार्थना ग्रहण गरेर मुआन मीठो पानी पिएपछि ऊ राम्ररी निदाउन सकेको छ।” बालक अहिले स्वस्थ्य छ र राम्रोसित हुर्किएको छ। यो सबै सृष्टिकर्ता परमेश्वरको अनुग्रह को। हल्लेयूयाह !

## “मैले सुरक्षितसाथ बच्चा जन्माएँ”

बहिनी शाहजिया आइरिक (सी.सी.सी आइ चर्च)

सन् २००९, मे २३ तारिखका दिन मैले घरमा बच्चा जन्माएँ। म अत्याधिक प्रसव वेदनामा थिएँ। अत्यन्तै सङ्कटपूर्ण अवस्थामा मैले आफ्नो चेतना गुमाउँदै थिएँ। त्यति नै बेला, पवित्र आत्माले मलाई मुआन मीठो पानी याद दिलाउनुभयो।

मुआन मीठो पानी ल्याइदिन मैले मेरो परिवारलाई अनुरोध गरें र मेरी नन्दले मलाई त्यो ल्याइदिनुभयो। मैले त्यो पानी पिउने बित्तिकै बच्चा जन्मियो। म परमेश्वरलाई धन्यवाद दिन्छु जसले म र मेरो बच्चालाई खतराबाट जोगाउनुभयो। त्यस्तै, म हृदयदेखि नै पवित्र आत्मालाई पनि धन्यवाद दिन्छु जसले आपत्कालिन स्थितिमा मलाई मुआन मीठो पानी याद दिलाउनुभयो।



## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू ख्रीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं।
४. मानमिन केन्द्रिय मण्डली येशू ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा “प्रेरितहरुको विश्वासको सार” द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन्।

“किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ।” (प्रेरित १७:२५)
“अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन।” (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डुङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन